बैठक नं ........

आज मिति २०७७ साल जेठ १० गते शनिबार दिउँसो २:०० बजे यस छेडागाड नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री लालबहादुर महताराज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका निर्णय गरियो ।

उपस्थितिः

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री लाल बहादुर महतारा | नगर प्रमुख | |
| २ | श्री सरिता वली | नगर उपप्रमुख | |
| ३ | श्री गणेश प्रसाद जैसी | सदस्य | |
| ४ | श्री बालकृष्ण बुढा | सदस्य | |
| ५ | श्री धनु बहादुर थापा | सदस्य | |
| ६ | श्री गणेश बहादुर थापा | सदस्य | |
| ७ | श्री महेन्द्र बहादुर शाही | सदस्य | |
| ८ | श्री राम बहादुर के.सी. | सदस्य | |
| ९ | श्री पदम बहादुर पुन | सदस्य | |
| १० | श्री लाल बहादुर खत्री | सदस्य | |
| ११ | श्री गोपाल बहादुर नेपाली | सदस्य | |
| १२ | श्री राम बहादुर पुन | सदस्य | |
| १३ | श्री अमर विटालु | सदस्य(का.वा. अध्यक्ष वडा नं ११) | |
| १४ | श्री प्रेम बहादुर खत्री | सदस्य | |
| १५ | श्री मोतिलाल खत्री | सदस्य | |
| १६ | श्री बले सार्की | सदस्य | |
| १७ | श्री गोरी कामी | सदस्य | |
| १८ | श्री नरे चनारा | सदस्य | नरे |
| १९ | श्री सैरुपा थापा | सदस्य | |
| २० | श्री चन्दी रावत | सदस्य | |
| २१ | श्री गंगा नेपाली | सदस्य | |
| २२ | श्री पवित्रा थापा | सदस्य | |
| २३ | श्री दल्या दमाई | सदस्य | |
| २४ | श्री खगेन्द्र प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थितिः

१. श्री झलक के.सी., शाखा अधिकृत

२. श्री विरेन्द्र कुमार शर्मा, जनस्वास्थ्य अधिकृत

३. श्री माधव कुमार बुढा, अधिकृत छैठौं

४. भिम बहादुर वि.क., सहकोषपाल

क्रमशः

**निर्णय नं. १:**

नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि लागू गरेको बन्दाबन्दीको समयमा यस नगरपालिकाभित्रका ३ (तीन) महिनाभन्दा कम खान पुग्ने भनी तेह्र वटै वडा कार्यालयहरुबाट पहिचान भई आएका १७८६ घरपरिवार र ६ (छ) महिनाभन्दा कम खान पुग्ने २४७३ गरी जम्मा ४२५९ घरधुरीलाई वितरण गरिएको राहतको विभिन्न पक्षमा छलफल गरी उक्त वितरण गरिएको राहतलाई अनुमोदन गर्ने र उक्त कार्यको व्यवस्थापनमा खटिने वडाअध्यक्षहरु, वडा सदस्यहरु, कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु र स्वयम्सेवकहरुलाई धन्यवाद दिँदै देखिएँका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार गर्दै जाने। साथै, राहत वितरणको सम्बन्धमा ढुवानी भाडा तथा लोड-अनलोड सम्बन्धी खर्चको बारेमा उल्लेख हुन छुटेकोमा त्यसरी ढुवानी तथा लोड-अनलोड गर्दाको खर्चको बिल भरपाई प्राप्त हुन आएमा भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने।

**निर्णय नं. २:**

यस नगरपालिकाबाट भारतमा मजदूरीको सिलसिलामा गएका करिब १८०० जना नागरिकहरु यस नगरपालिकामा भित्रिने क्रम जारी रहेको क्रममा निजहरु संक्रमित भई समुदाय स्तरमा COVID-19 को महामारी फैलिन सक्ने अवस्थालाई नियन्त्रण गर्न यस नगरपालिकामा भित्रिने नागरिकलाई अनिवार्य १४ दिन क्वारेन्टाईनमा राख्ने व्यवस्था गर्न तपसिल बमोजिमको स्थानमा क्वारेन्टाइन स्थापना गरी सोको जिम्मेवारी तोक्ने समेत तोक्ने र त्यत्तिले अपुग भई अन्य स्थान समेत तोक्नुपर्ने भएमा उक्त प्रयोजनका लागि नगरप्रमुखज्यूले निर्णय लिन सक्ने।

<u>तपसिल</u>

क) वडा नं ३ को जनप्रिय मा.वि. र जनज्ञाकुञ्ज क्याम्पस दशेरोका भवनहरु प्रयोग गरी करिब २०० बेड क्षमताको क्वारेन्टाइन निर्माण गर्ने र सोको व्यवस्थापन गर्न वडा नं ३ का वडा अध्यक्ष र नगर स्वास्थ्य शाखा अन्तर्गतका श्री जयबहादुर थापालाई तोक्ने।

ख) वडा नं. ११ को बाल मा.वि. झाप्राका भवनहरु प्रयोग गरी अन्दाजी २०० बेड क्षमताको क्वारेन्टाईन स्थापना गर्ने र सोको व्यवस्थापन गर्न वडा नं ११ वडा अध्यक्ष (का.वा.) र नगर स्वास्थ्य शाखाका सह-संयोजक श्री धनिश कुमार खड्कालाई तोक्ने।

ग) वडा नं. ४ को रामोदय मावि जेवामा करिब २०० बेड क्षमताको क्वारेन्टाइन निर्माण गर्ने। सोको व्यवस्थापनको लागि वडा नं. ४ का वडाध्यक्ष र नगर स्वास्थ्य शाखाका हे.अ. रामबहादुर थापालाई जिम्मेवारी तोक्ने।

घ) वडा नं. १२ को चन्द्रज्योति आ.वि. मनघाटमा करिब १२० बेड क्षमताको क्वारेन्टाइन निर्माण गर्ने। सोको व्यवस्थापनको लागि वडा नं. १२ का वडाध्यक्ष र नगर स्वास्थ्य शाखा अन्तर्गतका अहेव चन्द्रबहादुर पुनलाई तोक्ने।

ङ) वडा नं. १ को कालिका मा.वि. सोडारीमा करिव १२० बेड क्षमताको क्वारेन्टाइन निर्माण गर्ने। सोको व्यवस्थापनको लागि वडा नं. १ का वडाध्यक्ष गणेशप्रसाद जैसीलाई र नगर स्वास्थ्य शाखा अन्तर्गतका सिअहेव प्रेमबहादुर खत्रीलाई तोक्ने।

खगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

च) वडा नं. १३ को नारायणी मा.वि. कार्कीगाउँ करिब ५० बेड क्षमताको क्वारेन्टाइन निर्माण गर्ने। सोको व्यवस्थापनको लागि वडा नं. १३ का वडाध्यक्ष मोतिलाल खत्रीको संयोजकत्वमा नगर स्वास्थ्य शाखाका हे.अ. सहदेव बस्नेतलाई तोक्ने।

**निर्णय नं. ३:**

क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुलाई खाना, साबुन, स्यानिटाइजर, दन्तमञ्जन-ब्रुस लगायतका सामानको व्यवस्था तथा खर्च नगरपालिकाले गर्ने र सोको व्यवस्थापन गर्न विभिन्न वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुलाई आवश्यक परेको स्थानमा खटाउने र निजहरु खटिई कामकाज गरेकोमा कामकाज गरेको अवधिसम्मको लागि स्वास्थकर्मीहरुले पाए सरहको खाना, खाजा खर्चको व्यवस्था गर्ने।

**निर्णय नं. ४:**

भारतबाट यस नगरपालिकासम्म आउने क्रममा छेडाबजारसम्म आफ्नै खर्चमा आएका नागरिकहरुलाई छेडाबजारमा रहँदा चाउचाउ-पानी लगायत चिजहरु उपलब्ध गराउन, छेडा बजारबाट क्वारेण्टाइनस्थलसम्म लैजान बस जाने स्थानसम्म बसमार्फत् र बस नजाने स्थानसम्म बसबाट ट्र्याक्टरमार्फत् लैजानुपर्ने भएकाले सोको लागि आवश्यक बस र ट्र्याक्टर तथा सुर्खेत लगायत अन्य स्थानबाट पी फर्म (म्याट्रेस), मास्क, स्यानिटाइजर, आवश्यक भाँडाकुँडा लगायतका बन्दोबस्तीका सामानहरु ल्याउन आवश्यक पर्ने गाडीहरु भाडामा लिन र उक्त कार्यहरुका लागि आवश्यक रकम भुक्तानी दिने अधिकार कार्यालयलाई दिने।

**निर्णय नं. ५:**

क्वारेण्टाइन निर्माणस्थलको रुपमा तोकिएका स्थानहरुमा तत्काल पानीको व्यवस्था गर्न आवश्यक पाइप लगायत निर्माण कार्य, शौचालय निर्माण र कतिपय स्थानमा तारबार/घेराबार निर्माण गर्नुपर्ने देखिएकोले सोको लागि आवश्यक निर्णय गरी खरिद गर्न कार्यालयलाई अधिकार दिने। साथै, क्वारेण्टाइन व्यवस्थापन तथा सुरक्षाका लागि परिचालित हुने स्वास्थ्यकर्मी, व्यवस्थापन समूह र आवश्यक संख्यामा परिचालन हुने स्वयम्सेवकहरुका लागि आवश्यक खाजा-खाना खर्च दैनिक रु.५००।-(पाँच सय) का दरले तथा निर्माण कार्यमा लगाइने मजदूरहरुको लागि प्रचलित जिल्ला दररेट अनुसारको ज्याला भुक्तानी गर्ने अधिकार कार्यालयलाई प्रदान गर्ने।

**निर्णय नं. ६:**

नगरपालिकाको कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न "पावर टेलर ७५ प्रतिशत अनुदान ढुवानी सहित" नामक शीर्षकको रु. ५ लाखबाट पावर टेलर (हाते ट्र्याक्टर) खरिद गरी कृषक समूहलाई हस्तान्तरण गर्ने।

**निर्णय नं. ७:**

किसानसँग मेयर कार्यक्रमबाट रु ५ लाख बराबरको पावर टेलर खरिद गरी किसानहरुलाई हस्तान्तरण गर्ने।

खगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८:

मिति २०७७।०२।१० गते विहान १० बजे बसेको नगर शिक्षा समिति बैठकले गरेका निर्णयलाई अनुमोदन गर्ने।

निर्णय नं. ९:

कोरोना संक्रमण, रोकथाम तथा उपचार गर्न आवश्यक पर्ने तपसिलको रकम छेडागाड ग७.२ प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी जम्मा गर्ने।

तपसिलः

क) आयुर्वेद गाउँघर क्लिनिक संचालनको रु.१ लाख
ख) स्थानीय जनतालाई जडीबुटी परिचयात्मक कार्यक्रम रु.१ लाख
ग) महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई आयुर्वेद सम्बन्धी तालिम रु.१ लाख
घ) अत्यावश्यक आयुर्वेदिक औषधि खरिद रु.३ लाख
ङ) योग शिविर संचालन रु.१ लाख।
च) उपकरण खरिद आयुर्वेद रु.१ लाख।
छ) अनुगमन तथा मुल्याङ्कन (आयुर्वेद) रु.५० हजार।
ज) कार्यालय संचालन तथा विविध खर्च (आयुर्वेद) रु.५० हजार।
झ) किसान सँग मेयर कार्यक्रमको रु.२५ लाख।
ञ) नयाँ बालविकास केन्द्रका लागि फर्निचर तथा कार्पेटिङ्ग व्यवस्थापन रु.६ लाख।
ट) नगरस्तरीय शैक्षिक प्रोफाइल निर्माण रु.२ लाख ५० हजार।
ठ) पशु स्वास्थ्य शिविर संचालन रु.२ लाख।
ड) बालबालिका लक्षित कार्यक्रम रु.३ लाख।
ढ) मागमा आधारित मत्स्यपालन सहयोग रु.३ लाख २० हजार।
ण) पावर टेलर ७५ प्रतिशत अनुदान ढुवानी सहित नामक शिर्षकको रु.२ लाख।

निर्णय नं. १०:

गत आर्थिक वर्षको भटमास ब्लक भवन निर्माण वडा नं.२ क्रमागत शीर्षकको गत आ.व.मा नै सम्झौता भई काम सम्पन्न भएको तर प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमबाट बजेट हस्तान्तरण भई नआएकोले सो शीर्षकको बजेट छैठौं नगरसभाले विनियोजन गरेको रकम प्राविधिक मूल्यांकन अनुसार भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने।

निर्णय नं. ११:

प्रधानमन्त्री रोजगार कार्यक्रम सशर्त अनुदान रकमलाई भौगोलिक अवस्थिति र बेरोजगार व्यक्तिहरुको सूचिका आधारमा तपसिल बमोजिमका आयोजनाहरुमा पुनःविनियोजन गरी संचालनका लागि सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाउने। साथै हालको विशेष परिस्थितिलाई मध्यनजर गर्दै आयोजना निर्माणस्थल वरपरका बेरोजगार व्यक्तिहरुको प्राथमिकता क्रम तलमाथि परे पनि काममा लगाउने निर्णय वडाध्यक्षले गर्न सक्ने।

गजेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

| सि.नं. | आयोजनाको नाम | वडा नं. | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | दिपेन्द्र आ.वि. काल्सैना भवन निर्माण | १ | ११ लाख | |
| २ | बाटाचौर देखि मझेरी शंकरस्थान भवनसम्म कृषि सडक | २ | १० लाख | |
| ३ | विद्याज्योति आ.वि. भवन निर्माण | ४ | ११ लाख | |
| ४ | भाग्यदयो मा.वि. घेराबार निर्माण | ५ | ७.५ लाख | |
| ५ | जनविकास मा.वि. भवन निर्माण | ६ | ११ लाख | |
| ६ | नेरा मा.वि. घेराबार निर्माण | ८ | ७.५ लाख | |
| ७ | बुदानदेखि सेरासम्म सडक निर्माण | ९ | ६ लाख | |
| ८ | खरानाउली कृषि सडक निर्माण | ११ | १० लाख | |
| ९ | सरस्वति आ.वि. घेराबार | १२ | ११ लाख | |
| १० | बालविकास भवन निर्माण खारा | १३ | ११ लाख | |

**निर्णय नं. १२:**

प्रधानमन्त्री रोजगार कार्यक्रमको अनलाइन सिस्टममा प्रविष्ट गरी रोजगार संयोजकले पेश गरे बमोजिमको बेरोजगारहरुको सूचिलाई स्वीकृत गर्ने।

**निर्णय नं. १३:**

मालपोत कार्यालय, जाजरकोटको च. नं.३६३, मिति २०७६/०९/३० को पत्रबाट माग भई आए बमोजिम उक्त कार्यालय व्यवस्थापन (फर्निचर मर्मत) को लागि रु. ३१,०००।- (एक्तीस हजार) मात्र उपलब्ध गराउन कार्यालयलाई निर्देश गर्ने।

**निर्णय नं. १४:**

कार्यपालिकाको पूर्व निर्णयानुसार स्थापना भएका स्वास्थ्य सहायता कक्षहरुमध्ये वडा नं. १ को खारा र वडा नं. २ को सुयाडा नाकामा अवस्थित त्यस्ता कक्षहरु बाहेक अन्यलाई बन्द गर्ने र त्यहाँ खटिई रहेका स्वास्थ्यकर्मीहरुलाई आवश्यकता अनुसार क्वारेन्टाइनस्थलमा खटाउने। साथै, उल्लिखित खारा र सुयाडा बाहेक अन्यत्र खटिएका स्वास्थ्यकर्मीहरुलाई उपलब्ध गराउने निर्णय भएको दैनिक रु.५००।-(पाँच सय) खाजा-खाना भत्ता समेत स्थगित गर्ने। क्वारेन्टाइन व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मीहरु तथा अन्य कर्मचारीहरुलाई नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी गरिएको *कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७* बमोजिम जोखिम भत्ता उपलब्ध गराउने।

खगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner